सुदूरपश्चिम प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

धनगढी, कैलाली
नेपाल।

प.सं. ०८२।०८३
च.नं. १५६७

मितिः २०८३/०१/०९

**विषय :- विशेष पदस्थापना सम्बन्धमा ।**

श्री स्थानीय तह सबै,
सुदूरपश्चिम प्रदेश ।

सुदूरपश्चिम प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ र सुदूरपश्चिम प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली, २०८२ जारी भई कार्यान्वयनमा आएको सन्दर्भमा संघीय लोक सेवा आयोगको सिफारिसको आधारमा स्थानीय तहमा स्थायी नियुक्ति भई प्रदेशभित्रको अन्य स्थानीय तहमा वा अन्य प्रदेशका स्थानीय तहबाट प्रदेशभित्रको स्थानीय तहमा कामकाज गरिरहेका कर्मचारीहरूको सम्वन्धमा ऐ. ऐनको दफा १४९ .र ऐ. नियमावलीको नियम १३५ बमोजिम पदस्थापना गर्नुपर्ने तथा पदस्थापना भइसकेपश्चात मात्र तहमिलान, तहबृद्धि, बढुवा लगायतको सुविधा पाइने व्यवस्था रहेको छ ।त्यस्तै, उक्त ऐनको दफा १४९ मा कामकाजमा रहेका कर्मचारीहरुको पदस्थापना मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले गर्ने र नियमावलीको नियम १३५ मा रिक्त दरवन्दीमा कामकाजमा रहेको अवस्थामा स्वतः पदस्थापन भएको मानिने व्यवस्था रहेकोले विभिन्न स्थानीय तहबाट पदस्थापनाको सन्दर्भमा द्विविधाको अवस्था सृजना भई यस कार्यालयको राय माग भएको सम्बन्धमा देहाय बमोजिम गर्नु गराउनु हुन मिति २०८३/०१/०९ को प्रमुख सचिवस्तर निर्णयानुसार अनुरोध छ ।

१. अन्यत्र पदाधिकार रही सुदूरपश्चिम प्रदेशभित्रको कुनै स्थानीय तहमा कामकाजमा रहेको कर्मचारीले शुरू नियुक्तिदेखि हालसम्मको सम्पूर्ण विवरण संलग्न गरी सुदूरपश्चिम प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा १४९ बमोजिम मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, धनगढी, कैलालीमा निवेदन पेश गर्नुपर्नेछ।
२. अन्य प्रदेशबाट यस प्रदेशको स्थानीय तहमा कामकाजमा आएको कर्मचारीको हकमा सम्वन्धित स्थानीय तहले यस प्रदेशको स्थानीय तहमा पदस्थापन गर्न दिएको सहमति पत्र र कार्यपालिकाको निर्णय समेत बुँदा नं.१ बमोजिमको निवेदन साथ संलग्न गर्नुपर्नेछ ।
३. हाल कामकाजमा रहेको स्थानीय तहले निज कर्मचारीको सेवा, समूह, उपसमूहको दरवन्दी रिक्त रहे नरहेको, रिक्त रहेको दरवन्दीभन्दा बढी कर्मचारी कामकाजमा रहे नरहेको, अन्य स्थानीय तहका कर्मचारीलाई सरूवा भई आउन सहमति दिए नदिएको र रिक्त दरवन्दीमा पदपूर्तिको लागि प्रदेश लोक सेवा आयोगमा माग गरे नगरेको व्यहोरा स्पष्ट रूपमा खुलाई सिफारिस गर्नुपर्नेछ ।
४. रिक्त दरवन्दीभन्दा बढी कर्मचारी कामकाजमा रहेको अवस्था भए सम्वन्धित स्थानीय तहले सुदूरपश्चिम प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली, २०८२ को नियम १३५ को उपनियम (२) र उपनियम (३) मा उल्लिखित व्यवस्थाका सम्बन्धमा आफ्नो राय समेत सिफारिस गर्नुपर्नेछ ।

.................
(नरेन्द्र शाह)
उपसचिव